☏9854038381
ईमेल:chandranagar111@gmail.com

# चन्द्रनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
चन्द्रनगर ,सर्लाही
मधेश प्रदेश,नेपाल

प.स.२०८२।८३
च.न.

मिति २०८२।०९।३०

## आन्तरिक आयको पोखरी ठेक्कासँग सम्वन्धित सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०८२/०९/२२ गते**

यस गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने देहाय बमोजिमका आन्तरिक श्रोत तर्फको कर, शुल्क तथा दस्तुरहरु आ.ब. २०८२/०८३ का लागि चन्द्रनगर गाउँपालिकाले तोकेको दररेटमा संकलन गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्तको अधिनमा रही आफ्नो फर्म ईजाजत पत्र नवीकरण भएको प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र, आर्थिक बर्ष २०८१/०८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरू, कारवाही वा कालोसूचीमा नपरेको स्वःघोषणा,बैंकिङ करोवारमा समेत कसुरदार नठहरिएको र अख्तियारनामा सहित रितपूर्वक बिद्युतिय बोलपत्र (E-Bidding) आब्हान गरिएको छ। विस्तृत जानकारी तथा बोलपत्र फारम र सोसँग सम्बन्धित कागजातका लागि www.bolpatra.gov.np/egp वा यस कार्यालयको वेबसाइट www.chandranagarmun.gov.np मा हेर्नुहुन समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल :

| ठेक्का नं. | ठेक्काको किसिम | क्षेत्र | ५वर्षको न्यूनतम अंक (मु.अ.कर सहित) | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| पो.ठे.न. ०१-०८२/०८३ | नाढीमन ताल,चन्द्रनगर | चन्द्रनगर गा.पा. वडा नं.६ र ७ | रु.५,८३,०६,३००/- (पाँच करोड तेरासी लाख, छ हजार तीन सय मात्र) | रु.५,०००।- | |

**शर्तहरु:**

१. ठेक्काको अवधि सम्झौता भएको मिति देखि ५(पाँच) बर्षको हुने छ।

२. बोलपत्र दाताले आफुले कबुल गरेको रकमलाई अंक र अक्षरमा स्पष्ट साथ लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ।

३. ठेक्कामा लाग्ने नियमानुसारको मुल्य अभिवृद्धिकर कर बाहेक अन्यकर ठेक्केदार स्वंयमले तिर्नु पर्ने छ।

४. सुचनामा उल्लेखित नाढीमन तालको न्युतम अंकको ५(पाँच) प्रतिशत धरौटी नविल वैंक लि. चन्द्रनगर स्थित चन्द्रनगर गाउँपालिकाको धरौटी खाता२२८०१०१७५०००१६ मा नगदी जम्मा गरि सोको सक्कलै भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ।

५. जुन व्यक्ति वा फर्मको नामबाट खरिद गरेको हो, सोहि व्यक्ति वा फर्मको नामबाट मात्र बोलपत्र दर्ता गर्न सकिनेछ। अन्य फर्मको नामबाट दर्ता गराएको बोलापत्रलाई मान्यता दिइने छैन। साथै हुलाक सेवा, कुरियर आदि बाट पठाइएको बोलपत्र स्वीकार्य हुने छैन।

६. यो सुचना प्रकाशित भएको मितिले ३०(तीस) दिन भित्र फिर्ता नहुने गरि तोके बमोजिम रु.५०००।-(पाँच हजार) रकम नविल वैंक लि. चन्द्रनगर शाखामा रहेको यस गाउँपालिकाको आन्तरिक राजश्व खाता नम्बर २२८०१०१७५०००३१मा जम्मा गरि सोको सक्कली भौचर दाखिलाको Scan कपी गरि यस चन्द्रनगर गाउँ कार्यापालिकाको कार्यालय, चन्द्रनगर सर्लाहीबाट खरिद गरि ३१ औ दिन दिनको १२ बजे भित्र गाउँ कार्यपालिकाको कार्यलय चन्द्रनगर, सर्लाहीमा दर्ता गराउनु पर्नेछ। सोहि दिन दिनको २:०० बजे देखि बोलपत्र खोल्ने कार्य हुनेछ। बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन वा खोल्ने दिन सार्बजानिक बिदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ।

७. फर्म नबिकरण भएको प्रमाण पत्र, स्थायी लेखा नम्बर वा मुल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ को कर चुक्ता प्रमाण पत्र साथै नागरिकता प्रमाण पत्र को प्रमाणित कागजात बोलपत्र साथै पेश गर्नु पर्नेछ। व्यक्तिको हकमा निजको नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न गरि बोलपत्र पेश गर्न सक्नेछ ।

८. सबै किसिमको ठेक्कामा हालको कानुनी ब्यवस्थामा नेपाल सरकारबाट अन्य निर्णय भई आएमा सोहि बमोजिम हुनेछ।

९. यस गाउँपालिकाको तिर्नुपर्ने बाँकि रकम तथा जिन्सी सामानहरु तिर्नु पर्ने बाँकि बक्यौता देखिएमा त्यस्ता ब्यक्तिहरुको नामको ठेक्का स्वीकृत हुने छैन।